म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३२७ | मंगलबार २१ असार २०७९ | ने. सं. ११४२ दिल्लाथ्व | 5 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## निबन्धमा दाहाल, गाँठोतर्फ गोले प्रथम

हेटौंडा, १९ असार/नेपाल स्काउट हेटौंडा उपमहानगरपालिका समितिले उपमहानगरपालिका स्तरीय स्काउट गाँठो तथा 'स्काउट शिक्षा किन' भन्ने विषयमा निबन्ध प्रतियोगिता गरेको छ । हेटौंडा उपमहानगरपालिकाको सहयोगमा प्रतियोगिता गरिएको हो । प्रतियोगिताको निबन्धतर्फ भूमिका दाहाल प्रथम भएकी छन् । गाँठो प्रतियोगितामा रान्जिला गोले प्रथम भएकी छन् । उनहरु दुवैले पाँच हजार नगद पुरस्कार हात पारे । निबन्ध प्रतियोगितामा हिरा कुमार गिरी द्वितीय, रोशन ढकाल तृतीय र प्रिती केसरी सान्त्वना भएका छन् । त्यसैगरी, गाँठोमा सचिन्द्र यादव द्वितीय, सौगात तिमल्सिना तृतीय र अर्जुन ठाकुर सान्त्वना हुन सफल भए । उनीहरुले क्रमशः ४ हजार, ३ हजार र २ हजार रुपैयाँ राशीसहित पुरस्कृत भएका छन् । निबन्धमा मनोज पोखरेल, अशोक सारु मगर र उमेश पुरीले निर्णायक भूमिका निर्वाह गरेका थिए भने गाठो प्रतियोगिता तर्फ महेन्द्र राना, अनिल आचार्यले निर्णायकको भूमिका निर्वाह गरेका थिए । प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको प्रमुख आतिथ्यता तथा हेटौंडा उपमहानगरपालिका स्काउट तदर्थ समिति संयोजक दिपेन्द्र रोक्काको सभाध्यक्षता भएको प्रतियोगितामा नेपाल स्काउट बागमती प्रदेशका सदस्य महेन्द्र राना मगर, नगर समिति सदस्य अनिल आचार्य, हिरा बतौला, मुकेश मिश्र, बुद्धिनाथ न्यौपानेलगायतको उपस्थिति थियो ।

# हेटौंडाको बजेट सर्वसम्मतिले पारित, जग्गा वर्गीकरण गर्न कार्यदल

साझाकुरा संवाददाता




हेटौंडा, २० असार/ हेटौंडा उपमहानगरपालिकाको आर्थिक विधेयक, विनियोजन विधेयक र नीति तथा कार्यक्रम सर्वसम्मतीले पारित भएको छ ।

आगामी आर्थिक वर्ष २०७९/०८० का लागि ल्याइएको बजेट सोमबार भएको नगरसभा अन्तर्गत एघारौं अधिबेशनको तेस्रो बैठकले सर्वसम्मतिले पारित गरेको हो । १३ असारमा भएको एघारौ नगरसभाको दोस्रो बैठकमा उपप्रमुख राजेश बानियाँले आगामी आवका लागि २ अर्ब ७१ करोड ७९ लाख रुपैयाँको अनुमानित आयव्यय प्रस्तुत गरेका थिए ।

उक्त बजेट सोमबार बसेको नगरसभाले सर्वसम्मतिले पारित भएको प्रवक्ता सविन न्यौपानेले जानकारी दिएका छन् । उपमहानगरले पूर्वाधार विकासतर्फ १ अर्ब ८ करोड ४२ लाख, आर्थिक विकासतर्फ १९ करोड ६९ लाख, सामाजिक विकासतर्फ ६६ करोड १५ लाख, स्वास्थ्यतर्फ ९ करोड ५३ लाख, युवा तथा खेलकुदतर्फ ३ करोड ७३ लाख, महिला तथा बालबालिकाका लागि ३ करोड ५८ लाख बजेट बिनियोजन गरिएको थियो ।

उपमहानगरले वातावरण तथा विपद् व्यवस्थापनतर्फ १२ करोड ६ लाख, संस्थागत विकास र सेवा प्रवाहतर्फ ७ करोड ३३ लाख, विविध शीर्षकमा ९९ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

उपमहानगरले व्यहोर्ने खर्चमा आन्तरिक स्रोततर्फ ९४ करोड ३६ लाख, राजस्व बाँडफाँडतर्फ ५८ करोड ९३ लाख, प्रदेश विभिन्न अनुदानबाट ९ करोड ५८ लाख, संघीय सरकार अनुदानबाट १ अर्ब ६ करोड ९५ लाख, अन्य आय र संघसंस्थातर्फ १ करोड ९६ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यसअघि एघारौं नगरसभाको पहिलो बैठक एमालेका नगरसभा सदस्य अनुपस्थित भएपछि बजेट प्रस्तुत हुन सकेको थिएन् । कानुनतः नगरसभामा ५१ प्रतिशत नगरसभा सदस्यको उपस्थिति पश्चात मात्रै नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुपर्ने प्रावधान थियो ।

तर, ९५ सदस्यीय नगर सभामा गठबन्धनका ४० जना सदस्यको मात्रै उपस्थिति थियो । नगर प्रमुख मिनाकुमारी लामाले १३ असारमा एघारौं नगरसभाको दोस्रो बैठक बोलाएकी थिइन् । बैठकअघि एमालेका सदस्यसँग तीन बुँदे सहमति भएपछि आगामी आवको लागि बजेट प्रस्तुत भएको थियो ।

यसैगरी, उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा न्यायिक समिति गठन भएको छ । समिति सदस्यमा ५ नम्बर वडाका वडा सदस्य ज्ञानबहादुर थापा र ७ नम्बर वडाका वडा सदस्य सन्तु पाखिन सदस्य चयन भएका छन् ।

कार्यपालिका बैठकले वृत्ति विकास सम्बन्धि विशेष ऐन, २०७५ खारेज गरी नयाँ कानून तर्जुमा गर्ने निर्णय गरेको प्रवक्ता न्यौपानेले जानकारी दिए । कार्यपालिका बैठकले थप ६ वटा निर्णय पनि गरेको छ । बैठकले सामाजिक विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेको संयोजकत्वमा जग्गा वर्गीकरण कार्यदल गठन गरिएको छ । कार्यदलको अध्ययन प्रतिवेदन प्राप्त पश्चात् नगर प्रमुखको अध्यक्षतामा रहने भू-उपयोग परिषद्मा छलफल गरी कार्यपालिकाबाट निर्णय भएपछि लागू गरिने प्रवक्ता न्यौपानेले बताए ।

त्यस पश्चात् हाल रोक्का रहेको जग्गाको कित्ताकाटलगायत कार्य सुचारु हुने जनाइएको छ । बैठकले सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरेको प्रवक्ता न्यौपानेले बताए । साविक गाविसमा समायोजन भएको वडाहरुमा अधिकारसहित अधिकृत र लेखापाल खटाउने, नगरका सामुदायिक विद्यालयमा रिक्त रहेका स्थायी दरबन्दी तथा राहत कोटामा शिक्षक नियुक्ति गर्न उपमहानगरपालिकाकोतर्फबाट शिक्षकको रोष्टर सूची तर्जुमा गर्ने, नगरका स्वास्थ्य संस्थाबाट बीमा सुविधासमेतमा सहजीकरण गर्ने गरी आधारभूत अस्पताल सञ्चालन गर्न दुई जना डाक्टर (आठौं तह) नियुक्ति गरी परिचालन गर्ने निर्णय भएको न्यौपानेले जानकारी दिए । नगरसभामा बोल्ने सदस्यहरुले हाल बनेको बजेट उत्कृष्ट रहेको भन्दै नगरको दीर्घकालिन महत्व राख्ने योजनाहरुलाई प्राथमिकता दिन अनुरोध गरेका थिए ।

## वडाध्यक्षहरुको संयोजकत्वमा पाँच समिति

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ हेटौंडा उपमहानगरपालिकाले वडा अध्यक्षहरुको संयोजकत्वमा पाँच वटा समिति गठन गरेको छ ।

उपमहानगरको आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रुपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न समिति बनाइएको प्रवक्ता न्यौपानेले बताए ।

गठित पाँच वटा समितिमध्ये चार वटा समितिमा एमालेबाट निर्वाचित वडा अध्यक्षहरुलाई संयोजकको जिम्मेवारी दिइएको छ । आर्थिक विकास समितिमा १८ नम्बर वडाका वडाध्यक्ष अनिल बानियाँ, सामाजिक विकास समितिमा वडा नम्बर १६ का अध्यक्ष रामकृष्ण कोइराला, पूर्वाधार विकास समितिमा १४ नम्बर वडाका वडाध्यक्ष दीपक खड्का, वातावरण तथा विपद् व्यवस्थापन समितिमा १० नम्बरका वडाका अध्यक्ष फूर्वादोर्जे लामा, संस्थागत विकास र सुशासन समितिमा वडा नम्बर १५ का वडाध्यक्ष सुनिल मोक्तानलाई संयोजक तोकिएको छ ।

जसमध्ये सामाजिक विकास समितिमा संयोजक कोइराला कांग्रेसबाट निर्वाचित वडाअध्यक्ष हुन भने बाँकी सबै एमालेबाट निर्वाचित वडा अध्यक्ष हुन् ।

## लागूऔषध गाँजासहित एकजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ ।

प्रहरीले राक्सिराङ गाउँपालिका-५ कुत्तासिङबाट ३ किलो ५ सय ग्राम लागूऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा पर्सा पकाहामैनपुर गाउँपालिका-८ बस्ने ४८ वर्षीय मधु प्रसाद चौहान रहेका छन् । ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले आइतबार बिहान चैनपुरबाट मनहरीतर्फ पैदल आउँदै गरेका चौहानलाई उक्त लागूऔषध गाँजासहित पक्राउ गरेको हो । पक्राउ परेका चौहानमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## चोरीको मोटरसाइकलसहित दुई जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ मकवानपुर प्रहरीले चोरीको मोटरसाइकलसहित दुई जनालाई पक्राउ गरेको छ ।

सोमबार बिहान इलाका प्रहरी कार्यालय फापरबारीबाट खटिएको प्रहरी टोलीले बागमती गाउँपालिका वडा नम्वर ७ को लामिटारबाट चोरीको मोटर-साइकलसहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा सर्लाहीको बागमती गाउँपालिका-१ बस्ने २५ वर्षीय राजु मोक्तान र बारा निजगढ-९ रतनपुर बस्ने ३३ वर्षीय लालकाजि घिसिङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौंडा-१६ को सिपाली चोकबाट बागमती प्रदेश ००२ प ८४२३ मोटरसाइकल चोरी भएको भन्ने सूचनाको आधारमा खोजतलास गर्दा उक्त स्थानमा फेला परेपछि निजहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका उनीहरुमाथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाएको जनाइएको छ ।

## विद्युत वितरणको समस्यालाई समाधान गर्न कांग्रेसको आग्रह

साझाकुरा संवाददाता



हेटौंडा, २० असार/ नेपाली कांग्रेस मकवानपुरले मकवानपुरको विभिन्न क्षेत्रमा विद्युत वितरण प्रणालीमा देखिएको समस्यालाई तत्काल समाधान गर्न आग्रह गरेको छ ।

कांग्रेसका जिल्ला सचिव भीमसेन महतको नेतृत्वमा गएको समूहले नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख दिपेन्द्रराज द्विवेदी र हेटौंडा वितरण केन्द्रका प्रमुख नरेन्द्र श्रेष्ठलाई विद्युत वितरण प्रणालीमा उत्पन्न समस्याका विषयमा ध्यानाकर्षण गराउँदै तत्काल समाधान गर्न आग्रह गरेको हो । सचिव महतले विद्युत जनताको जीवनसँग अभिन्न रुपले जोडिएकाले त्यस्तो संवेदनशील विषयमा एक मिनेट पनि ढिलाई गर्न नहुने बताए ।

कांग्रेसले मकवानपुरवासीको विद्युतसँग सम्बन्धित समस्याको पहिचान गर्ने क्रममा जनताको जनजीवन प्रभावित बन्नुको साथै जोखिम समेत बढेको पाएको भन्दै उनले १५ दिनभित्र समस्या समाधान गर्न प्राधिकरणलाई आग्रह गरे । सचिव महतसँगै कांग्रेस मकवानपुर गढी गाउँपालिका सभापति राजवीर मोक्तान र गढी ७ नम्बर वडा अध्यक्ष सुर्यबहादुर स्याङ्तान, पूर्व जिल्ला अध्यक्ष हरि वाग्लेलगायतले मकवानपुरका विभिन्न क्षेत्रमा विद्युत प्रवाहमा भइरहेको समस्याबारे प्राधिकरणका जिम्मेवार अधिकारीहरुलाई जानकारी गराएका हुन् ।

सोही क्रममा प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख द्विवेदीले तत्कालै समस्या भएको ठाउँको पहिचान गरी समाधान गरिने प्रतिबद्धता व्यक्त गरे । हेटौंडा वितरण केन्द्रका प्रमुख श्रेष्ठले १५ दिनभित्र जनताले गुनासो गर्ने अवस्था नआउने गरी समस्या सुल्झाइने बताए ।

जिल्लाको सबैजसो क्षेत्रमा दैनिक १९/२० पटकसम्म विजुली आउने जाने गरेको छ । जसका कारण आमजनताको दैनिकी प्रभावित बन्नुको साथै साना तथा घरेलु व्यवसायीहरुसमेत मर्कामा पर्दै आएका छन् । ग्रामिण भेगका अधिकाँश क्षेत्रमा काठको पोल रहेको छ । ती पोलहरु वर्षायाममा कुहिएर भाँचिदा विजुली वितरणमा समस्या हुनुको साथै मानवीय जोखिमसमेत बढेको छ ।


सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# वैदेशिक रोजगारको पीडा

वैदेशिक रोजगारीको लागि दैनिक सयौं युवा विदेश जान्छन् । कोही केही पैसा कमाएर फर्कन्छन् । कोही रोग लिएर फर्कन्छन् र कोही अंगभंग भएर आउँछन् । तर, कोही भने कफिनमा फर्कन्छन् । यो प्रकृया पछिल्लो समय नेपालीहरुको नियति नै बनेको छ । अधिकांश नेपालीको वैदेशिक रोजगार गन्तव्य मलेसिया, कतार, दुबई जस्ता खाडी मुलुक हुन् । नेपालमा वैदेशिक रोजगारीको सवल पक्ष अर्थात् धनआर्जन, रेमिटेन्स तथा सीपका विषयहरु चर्चामा रहँदै गर्दा वैदेशिक रोजगारीमा भोग्नुपर्ने चुनौती छाँयामा पर्दै आएका छन् । वैदेशिक रोजगार बोर्डले शव ल्याएको आँकडालाई हेर्ने हो भने वैदेशिक रोजगारमा रहेको जोखिमको आँकलन गर्न सकिन्छ । आर्थिक वर्ष २०७४/७५ मा बोर्डले छसय ८६ शव ल्याएको थियो । जसमा सबै भन्दा बढि मलेसियाबाट दुईसय ५५ शव ल्याइएको थियो । आर्थिक वर्ष २०७५/७६ मा सातसय ५३ जनाको वैदेशिक रोजगारीका क्रममा मृत्यु भएको थियो । यस अवधिमा दुईसय २९ जनाले मलेसियामा, एकसय ३५ जनाले कतारमा, एकसय ९४ जनाले साउदी अरेबियामा ज्यान गुमाएका थिए । यस बाहेक युएइ, कोरिया जस्ता मुलकमा समेत अवस्था भयावह रहेको छ ।

वैदेशिक रोजगार वोर्डका अनुसार वैदेशिक रोजगारीमा जानुअघि आवश्यक सूचना नलिँदा दुर्घटना हुने गरेको छ । यसका लागि वैदेशिक रोजगारीमा जानुअघि तालिम लिनुपर्ने हुन्छ । तर, उक्त तालिम नलिई जाँदा भौगोलिक अवस्थिति र वातावरणीय अवस्था र त्यहाँ अपनाउनुपर्ने सतर्कताका विषयमा जानकारी नहुँदा अकालमा ज्यान गुमाउनुपर्ने बाध्यात्मक अवस्था छ । कुनै समय ल्हासा, कहिले भारत त कहिले खाडि मुलुक रोजगारीकै लागि जानु नेपालीको नियती बन्दै आएको छ । त्यस्तै, पछिल्लो समय कोरिया तथा युरोपेली र अमेरिकी मुलुक पनि नेपालीहरुको गन्तव्यमा नपरेका होइनन् । तर, नेपालीहरुको अधिकांश वैदेशिक रोजगारीको गन्तव्य मलेसिया, कतार जस्ता खाडी मुलुकहरु नै पर्दै आएका छन् । नेपालमा वैदेशिक रोजगारीको सवल पक्ष अर्थात् धनआर्जन, रेमिटेन्स तथा सीपका विषयहरु चर्चामा रहँदै गर्दा वैदेशिक रोजगारीमा भोग्नुपर्ने चुनौती छाँयामा पर्दै आएका छन् । विगतदेखिको वैदेशिक रोजगारीको गन्तव्य जोखिमपूर्ण देखिन्छन् ।

वैदेशिक रोजगारमा गई अंगभंग हुनेको संख्या पनि खाडी देशहरुमा नै धेरै छ । आर्थिक वर्ष २०७५/७६ मा मलेसियाबाट एकसय १० जना अंगभंग भइ स्वदेश फर्किएका थिए भने साउदी अरेबियाबाट ८९, कतारबाट ७० जना अंगभंग भइ फर्किएका थिए । सो आर्थिक वर्षमा कूल तीनसय ६१ जना अंगभंग भइ फर्किएका थिए । वैदेशिक रोजगारीमा मृत्यु हुने तथा अंगभंग हुनुको मुख्य कारण खानपानमा गरिने लापारबाही तथा सामान्य सीपको अभाव रहेको छ । तथ्याङ्क हेर्दा कम्पनीभित्र भन्दा बाहिरी काम जोखिमपूर्ण देखिएको छ । खाडि मुलुकमा बाहिर अत्यन्त गर्मी हुने र कामदारले पानी कम खाने या खानामा सावधानी नअपनाउनाले मृत्यु हुने गरेको पाइन्छ । त्यस्तै ट्राफिक दुर्घटना, उपकरण चलाउने सीपको अभाव जस्ता कारणले पनि कारदारलाई अंगभंग गराउने या मृत्युसम्म पुऱ्याउने गरेको छ । वैदेशिक रोजगारको पीडा धेरै छ । त्यसको समाधानको लागि कामदारले अपनाउनुपर्ने सावधानीको विषयमा जानकार बन्नु जरुरी छ । सरकारले पनि वैदेशिक रोजगारीमा जान इच्छुकहरुको लागि यस विषयमा तालिम दिएर पठाउने व्यवस्था मिलाए अकालमा ज्यान गुमाउने नेपालीहरुको संख्या कम हुने थियो कि ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २२ गते बुधबार ६ जुलाई २०२२ । असार शुक्लपक्ष सप्तमी । दिल्लाथ्व ११४२ । सूर्योदयः ५:१५, सूर्यास्तः ७:०१ मा हुनेछ । सूर्य पुजा/देवपाटनमा गंगामाई रथयात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : पढाइमा प्रगति हुने | **तुला** | : काममा प्रगति हुनेछ |
| **वृष** | : विश्वासमा संकट आउने | **वृश्चिक** | : शत्रु पराजित हुने |
| **मिथुन** | : निर्माण कार्यमा प्रगति | **धनु** | : मानसम्मान बढ्ने |
| **कर्कट** | : सामाजिक काममा सफलता | **मकर** | : सम्मानित काम हुनेछ |
| **सिंह** | : सन्तानबाट खुशी मिल्ने | **कुम्भ** | : यात्राबाट लाभ हुनेछ |
| **कन्या** | : व्यापारमा केही हानि हुने | **मीन** | : दिन राम्रोसँग बित्नेछ |

# गठबन्धनको भविष्य र कांग्रेस रणनीति



डा. बिष्णु दाहाल

नेपाली कांग्रेसले स्थानीय तहक निर्वाचनको बल्ल समीक्षा गर्ने जमर्को गर्दैछ । चुनाव समीक्षा भनिए पनि कांग्रेसको असार २७ गते बस्ने केन्द्रीय समितिको बैठकमा भावी रणनीति र पार्टीको कार्यदिशाका विषयमा पक्कै छलफल हुनेछ । साथै बैठकमा आसन्न प्रदेश र संघीय निर्वाचनका साथै विभागहरुमा मनोनयन, भातृ संस्थाको गठन तथा कार्यसमितिलाई पूर्णता दिने विषयले पनि स्थान पाउनेछ । सबैभन्दा पेचिलो विषय कांग्रेस गठबन्धनसहित निर्वाचनमा जान्छ कि एक्लै भन्ने नै हो । स्थानीय निर्वाचनमा प्राप्त मतका सम्बन्धमा मिश्रित प्रतिक्रिया छन् । कसैले फाइदा भयो र कसैले भएन भन्छन् । कांग्रेसभित्र गठबन्धनका पक्ष र विपक्ष दुवै धार प्रभावशाली छ ।

***क. गठबन्धनको भविष्य***

नेपाली राजनीतिमा कांग्रेस र कम्युनिस्टको गठबन्धन कठिन मानिन्थ्यो । यद्यपि, राजनीतिक परिस्थितिका कारण यी विपरीत विचार राख्नेहरुको पनि एकता राष्ट्रिय आवश्यकता हुनसक्छ । तर, सामान्य अवस्थामा भने यस्ता शक्तिहरुको गठबन्धन निहित स्वार्थका लागि हुने गर्छ ।

एकातिर सबै पार्टीभित्र पुस्तान्तरणको विषय उठ्नु, अर्कोतिर स्वतन्त्र उमेदवारहरुको मनोबल बढ्नुले जनता र राष्ट्रभन्दा आफ्नो र परिवार अनि गुटका लागिमात्र काम गर्ने नेताहरुलाई सत्ताका टिकिराख्न गठबन्धन आवश्यक परेको हो । दलहरूको नेतृत्व गठबन्धन गरेर आफ्नो अस्तित्व जोगाउनु पर्ने बाध्यात्मक परिस्थितिमा देखिन्छ ।

दलीय व्यवस्था भएका नेपालसहित थुप्रै देशका लागि पार्टी सत्ता राज्य सत्ताको अनिवार्य पूर्वसर्त हो । पार्टी सत्ताविना संसदीय पद्धतिमा राज्य सत्ता बरिलै प्राप्त हुन्छ । नेपालको राजनीतिमा पार्टीहरु विधि र विधानअनुरुप नचल्ने, पार्टीमा चरम गुटबन्दी गर्ने, पार्टीभित्रका इमानदार कार्यकर्ता संकटमा हुने अनि जस्तोसुकै प्रकारले कमाएको धन र त्यसआर्जित शक्तिको आडमा दलभित्र पद र हैसियत प्राप्त गर्ने गरिरहेका छन् । यहीकारण सबै पार्टीहरुमा आन्तरिक कलह व्याप्त छ । यही कलहका कारण शीर्ष नेतृत्वका लागि सहज सत्ता प्राप्तिका लागि चुनावी गठबन्धन अनिवार्यजस्तै छ । उनीहरु पार्टीको आन्तरिक व्यवस्थापनका लागि फरक गुट र प्रतिस्पर्धीहरुलाई 'ठेगान लगाउने' माध्यम पनि यसलाई नै बनाउँदैछन् । गठबन्धनका लागि स्थानीय तहको निर्वाचनको मतपरिणाम संघीय र प्रादेशिक निर्वाचनका लागि आधार हो । यही मतपरिणाम कम्युनिस्ट एकताका लागि होस् या कम्युनिस्ट कांग्रेस गठबन्धन निर्वाचनमा 'बार्गेनिङ' को आधार बन्नेछ । अहिले कायम रहेको गठबन्धन अर्को चुनावसम्म जानेमा गठबन्धनकै नेताहरु नै सन्देहमा देखिन्छन् । त्यसको कारण पार्टीले पाउने मत र गठबन्धनका दललाई जाने मत नै हो ।

कम्युनिस्ट कार्यकर्ता नेतृत्वको निर्देशनमा चल्ने अभ्यासबाट आएका हुँदा पार्टीलाई जाने मत र गठबन्धनको अर्को दललाई जाने मत लगभग उस्तै पाइयो । तर 'जनाधारित' लोकतान्त्रिक पार्टीहरुमा नेताको निर्देशनमात्रले मतदाता प्रभावित हुँदैनन् । खुलारुपमा आफ्नो मत प्रकट गर्ने हुँदा गठबन्धनको औचित्य स्थापित गर्न कठिन देखिएको छ ।

हुनपनि २०५५ देखि २०६२/६३ तिरका प्रधानशत्रु मानिएका दलहरू बिनाएजेन्डा सत्ता स्वार्थका लागि गठबन्धनमा बसेर सत्तामा साझेदारी गरिरहेका छन् । निर्वाचनमा पनि तिनै दलहरुबीच गठबन्धन गर्दा कम्युनिस्ट-लोकतान्त्रिक शक्तिबीचको चुनावी गठबन्धनभित्रै प्रतिस्पर्धा देखिएको छ भने दलहरुभित्रको आन्तरिक कलहले गठबन्धनको भविष्यमा नै प्रश्न उठेको छ ।

त्यसैले सत्तामा पनि रहने अनि कम्युनिस्ट एकताको अपरिहार्यतामा जोड दिँदै विपक्षीसँग पनि मोलतोल गर्ने प्रवृत्ति बढ्दैछ । यसले गठबन्धनका शक्तिहरुबीच राजनीतिक विश्वास घट्दै गएको छ । शेरबहादुर देउवा, केपी ओली, माधव नेपाल र पुष्पकमल दाहालका पार्टीको अवस्था, त्यहाँभित्र दबाब समूहको भूमिका तथा नेताहरुको व्यक्तिगत आचरणले गर्दा नयाँ समीकरण निर्माणलाई सबैले खुला देखिन्छ ।

ठूलै भाग पाए कांग्रेससहितको गठबन्धन गर्ने, नसके अहिलेको सत्ता गठबन्धनभित्र नै दाहाल, नेपाल र उपेन्द्र यादवले नेत्रविक्रम चन्दसहितको एकता या गठबन्धन निर्माण गर्ने जस्ता सबै विकल्पहरु खुला राखी चुनावमा जान खोजेको देखिन्छ ।

***ख. कम्युनिस्ट मिल्न नदिने कांग्रेस रणनीति***

कांग्रेसको मूल नीति कम्युनिस्ट मिल्न नदिने र आन्तरिक कलहको व्यवस्थापन गर्ने नै हुनुपर्ने हो । तर, एकातिर स्थानीय निर्वाचनको मत परिणामले गर्दा देउवा गठबन्धनलाई निरन्तरता दिन चाहन्छन् भने अर्कोतर्फ पार्टीभित्रको कलहको व्यवस्थापन उनको लागि चुनौती बन्दै गएको छ ।

कम्युनिस्ट पार्टीको सरकारले संसद्मा दुई तिहाई बहुमत पाउँदा समेत जनचाहनाअनुरुप काम गर्न नसक्नु, पूर्ववर्ति सरकारको कूटनीतिक विचलन, दलहरुमा बढ्दो बाहिरि प्रभाव र अन्तर दलीय सम्बन्धका कारण उब्जिएका विवादहरूमा रुमल्लिँदा आठ खर्बको हाराहारीमा रहेको ऋण १८ खर्ब पुग्यो । यहीबीचमा ठूलाठूला भ्रष्टाचारका घटना बाहिर आए । महामारीका बेला स्वास्थ सामाग्री खरिद र खोप खरिदमा भएको भ्रष्टाचारले त सरकार पूरै बदनाम भयो । जनताले सरकारसँग सामान्य अपेक्षासमेत राख्न छोडे । दुईदुई पटक संसद् विघटन, अध्यादेशमार्फत शासन र प्रधानमन्त्रीले नै जनतालाई गाली गर्ने तहमा उत्रने अभ्यासले ओली सरकार पतनको बाटोमा गयो ।

विकल्पमा खोप दिने प्रण गर्दै देउवा नेतृत्वको सरकार आयो । संसदीय अभ्यासलाई गिजोलिएपछि अदालतको परमादेशको सहायताले सरकार गठन भयो । खोपकै भरमा स्थानीय निर्वाचनसम्म पुग्यो र अहिले यही सरकारबाट संघीय र प्रादेशिक चुनावको तयारी हुँदैछ ।

***कांग्रेसको रणनीति***

कांग्रेसमा देखिएको गठबन्धन गर्ने/नगर्नेबीचको तानातानले ऊ गठबन्धनविनै चुनावमा जाने जमर्को गर्दै गरेको देखिन्छ । त्यसका लागि कांग्रेसभित्र पूर्ण एकता अपरिहार्य मानिदैछ । यसका लागि २०५६ सालमा गिरिजाप्रसाद कोइरालाले अख्तियार गरेको रणनीति कांग्रेस नेतृत्वले लिनुपर्ने देखिन्छ । त्यसबेला गिरिजाप्रसाद कोइरालाले कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्रीको रुपमा प्रस्तुत गरेर चुनावमा गएका थिए । अरु खास मुद्दा नभए पनि कांग्रेस एकताको बलले बहुमत ल्याएर आफ्नै नेतृत्वमा सरकार बनाउन सफल भएको थियो ।

आगामी निर्वाचनमा पनि हालका प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले अरू कसैलाई भावी प्रधानमन्त्रीको रुपमा अघि बढाएर पार्टीलाई एकत्रित र मजबुत बनाउँदै चुनावमा जाने परिस्थिति निर्माण हुँदै गएको छ । कांग्रेसका नयाँ कार्यकर्ता र नयाँ पार्टी संरचनाको व्यवस्थापन तथा पुस्तान्तरणको विषयसँगै युवा पंक्तिमा बढेको महत्त्वाकांक्षाले देउवालाई पार्टीको आन्तरिक व्यवस्थापन नै पेचिलो बनेको छ । सत्ता गठबन्धनका केही बहालवाला मन्त्रीले प्रधानमन्त्रीदेखि आफ्नै पार्टीको समेत निर्देशन नमान्ने, स्वार्थअनुरुप काम गर्ने गरेको देखिँदैछ । दाहाल, नेपाल र यादवलगायतको व्यवस्थापन पनि देउवाका लागि चिन्ताको विष्य बनिरहेको छ । सरकारको गिर्दो साख र आफ्नै दल र अरु दलसम्मको व्यवस्थापनले देउवाका चुनौती बढिरहेका छन् । एकातिर ६० प्रतिशत नै स्थान लिए पनि पार्टीभित्रका आकांक्षी व्यवस्थापन गरेर अन्तर्घात रोक्न नसकिने अवस्था र अर्कोतिर त्यही ६० प्रतिशतमा पनि कांग्रेसले नै छोड्नुपर्छ भन्ने गठबन्धनका दलहरुको दबाबले देउवा आफैँ गठबन्धन छोड्ने बाध्यतामा पुग्दैछन् । यस्तो अवस्थामा पार्टी एक्लै चुनावमा जाने वातवरणका लागि अन्तर्घात रोक्न पार्टीको सम्पूर्ण शक्ति परिचालन गर्नुपर्ने हुन्छ ।

एकातिर पार्टीभित्रको कलह नमिलाई अन्तर्घात रोक्न नसक्ने अवस्था र कम्युनिस्टहरुको एकता वा गठबन्धनसँग जुध्न पार्टीको सुदृढ एकतामार्फत लोकप्रिय मत बनाउनुपर्ने कारण देउवाको बाध्यता बढेको हो । स्वतन्त्र उमेदवारहरुको दरिलो उपस्थिति र हिन्दु धर्म र राष्ट्रियताका नाममा आउने स्वतन्त्रदेपखि राजेन्द्र लिङ्देनसम्मका उम्मेदवारले कांग्रेसकै मत घटाउने हुँदा कांग्रेसका लागि सुदृढ एकतामार्फत पार्टीशक्तिको एकीकृत प्रयोग गर्नु अपरिहार्य छ ।

***ग. देउवाको दाउ***

पाँचपटक प्रधानमन्त्री र दुईपटक सभापति बनेका देउवाका लागि अब थप कार्यकाल प्रधानमन्त्री बन्न अर्कै योजना बनेको देखिन्छ । उनको अबको प्राथमिकता फुटबल खेलमा जसरी सके आफू नै गोल गर्ने नसके बल पास गर्ने हुनसक्छ । यसर्थ देउवाले अबका दिनमा अघिल्लो संघीय र प्रदेश निर्वाचनमा पार्टीको गुमेको अस्तित्व, साख र छविलाई पुनःस्थापित गरी राजनीतिबाट विश्राम लिनु श्रेयश्कर हुने देखिन्छ ।

अहिले देउवालाई पार्टीभित्र र गठबन्धनभित्रको विरोध थेग्न कठिन छ तर पनि उनको सामु विकल्प छैन । शत्रुहरूलाई मिल्न नदिनु नै आफू बलशाली बन्नु हो । त्यसैले अहिले सत्तामा रहेका दलका शीर्ष नेतृत्व फरक गठबन्धनमा हुँदा पनि उनीहरुका लागि देउवा सहयोगी भूमिकामा रहनेछन् । पार्टीलाई जिताउनु देउवाको कठिन र चुनौतीपूर्ण काम हो । तर, दाहाद र यादवजस्ता एकातिर सत्तामा बसेर अर्कोतिर गठजोड गरी खेल परिवर्तन गर्न माहिर खेलाडीलाई आफूसँगै वा विश्वासमा राख्न सके र कम्युनिस्ट गठबन्धन रोक्न सके भने देउवाको रणनीति सफल हुनसक्छ । *-साभार: बाह्रखरी*

# बालबालिकालाई स्कुल ब्याग: साथी कि सास्ती ?



प्रेमनारायण भुसाल

समाज संयुक्तबाट एकल पारिवारिक ढाँचामा रूपान्तरित हुँदै जाँदा यसको प्रत्यक्ष प्रभाव बालबालिकाको जीवनशैलीमा परेको छ । घरमा खेलेर बस्ने उमेरका कलिला बालबालिका आफूभन्दा ठूलो स्कुल ब्याग बोकेर विद्यालय जान थालेका छन् । डेढदुई वर्षमै विद्यालय भर्ना गरिदिने प्रवृत्ति बढ्न थालेपछि बालबालिकाको सिकाइ स्तर, सामाजिकीकरण र मनोसंवेगात्मक विकासमा अवरोध सिर्जना भएको विज्ञहरूले बताउँदै आएका छन् ।

***स्केच : सटरस्टक***

उच्चस्तरको शैक्षिक उपलब्धि मापन भएका देशमा ७-८ वर्षसम्मका बालबालिकालाई घरमै राख्नुपर्ने व्यवस्था छ । नेपालका सन्दर्भमा भने सानै उमेरमा विद्यालय भर्ना गरी बालबालिकालाई घरेलु वातावरणबाट टाढा राख्ने कामले प्रश्रय पाउने गरेको छ । शिक्षामा निजी क्षेत्रको प्रभाव बढेपछि नाफा आर्जनका लागि व्यावसायिक र गैरव्यावसायिक दुवै थरी प्रयास हुने गरेका छन् । ससाना बालबालिकालाई स्तरीय शिक्षाका नाममा धेरै किताब भिडाउने अनि विद्यालयमा आधारभूत कुराको समेत व्यवस्था नगरी बालबालिकालाई घरैबाट पानी बोक्न बाध्य पार्ने प्रवृत्तिले झोलाको वजन झनै बढाएको छ । पछिल्लो समय गह्रौं झोलाका कारण बालबालिकामा ढाड, मांसपेसी र नसासम्बन्धी समस्या देखिनुका साथै उनीहरूको वृद्धि र विकासमा समेत प्रतिकूल प्रभाव परेको पाइएको छ ।

धेरै पाठ्यपुस्तक राखेमा विद्यालयको स्तर राम्रो मानिने मानसिकताका कारण हिजोआज तहअनुरूपका पाठ्यपुस्तकका अतिरिक्त सन्दर्भ सामग्रीका रूपमा धेरै किताब राख्ने चलन बढेको छ । आधारभूत तहका विद्यार्थीलाई समेत १०-११ ओटा किताब किन्न बाध्य पार्ने निजी विद्यालयको गलत कार्यलाई उल्टै स्कुलको स्तरसँग जोडेका कारण सामुदायिक विद्यालयहरूले समेत अतिरिक्त किताब प्रचलनमा ल्याएका छन् । सन्दर्भ सामग्रीको व्यवस्था गरी विद्यार्थीलाई पढ्न उत्प्रेरित गर्ने काम उपयुक्त भए पनि अनावश्यक रूपमा धेरै किताबलाई अनिवार्य पाठ्यवस्तु बनाई हरेक दिन विद्यालय ल्याउनैपर्ने व्यवस्था गर्नु व्यावहारिक र राम्रो काम होइन । यसले आफ्नो स्तरभन्दा माथिका धेरै किताब पढ्नुपर्ने भएकाले बालबालिकाको मानसिकतामा नकारात्मक प्रभाव पार्छ । स्कुल ब्यागको वजन बढ्न गई बालबालिकाहरू मानसिक र शारीरिक रूपमा गह्रौं भारी बोकिरहनुपर्ने अवस्थामा पुग्छन् ।

पछिल्लो समय सरकारी तबरबाट पृष्ठ र रङअनुसार पुस्तकको मूल्य कायम गर्न पाउने व्यवस्था भएबाट पुस्तक प्रकाशकहरू गुणस्तरलाई वास्तै नगरी धेरै पृष्ठका किताब प्रकाशन गर्न हौसिएका छन् । उनीहरू पाठ्यपुस्तक लेखकलाई विषयवस्तुगत गहनता, सान्दर्भिकता र विशिष्टताभन्दा पृष्ठगत आयाम विस्तारलाई जोड दिन दबाब दिने गर्छन् । परिणामतः पछिल्लो समय बजारमा उपलब्ध धेरैजसो किताब अनावश्यक रूपमा मोटाएका छन् । यसले पुस्तकको तौल वृद्धि हुने, पृष्ठअनुसार बढी मूल्य लिन सकिने साथै विद्यालयले समेत पुस्तकको मूल्यमा कमिसन प्राप्त गर्ने भएकाले पुस्तक प्रकाशक र विद्यालयको गलत कामको सिकार अभिभावक र विद्यार्थी हुँदै आएका छन् । पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्ने दिशामा भन्दा अनावश्यक रूपमा सूचना थोपर्ने प्रयास हुँदा किताबहरू बालमनोविज्ञान र बालविकास सिद्धान्तविपरीत नीरस र त्रुटिपूर्ण बनेका छन् ।

सहरबजारमा बिहानै ठूला झोला बोकेर बालबालिकाहरू बसको प्रतीक्षा गरिरहेका भेटिन्छन् । यसरी गह्रौं झोला बोकेर बस प्रतीक्षा गर्ने धेरै विद्यार्थीहरू बसको सिटमा सहज रूपमा बस्नसमेत पाउँदैनन् । राम्रो सुविधा दिने विज्ञापन गर्ने विद्यालयहरूले समेत सिटभन्दा बढी बालबालिका कोचेकाले विद्यार्थीहरू झोलासहित उभिएरै यात्रा गर्न विवश हुन्छन् । विद्यालयका अग्ला भवन बालबालिकाका लागि अर्को समस्या बनेका छन् । खेल्न पर्याप्त चौरको व्यवस्था नभएका यस्ता विद्यालयमा झोला बोकेर ५-६ तला उक्लने र ओर्लने गर्दा बालबालिकाको थकान मात्र बढ्ने होइन, उनीहरूको स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव बढ्दै गएको छ । एकातिर गह्रौं र धेरै किताब बोक्नुपर्ने अनि अर्कोतिर विद्यालयले स्वस्थ खानेपानीको समेत व्यवस्था गर्न नसकेकाले घरैबाट पानी बोकेर विद्यालय जान बालबालिकाहरू बाध्य हुने गरेका छन् । बजारिया पत्रु खाना खाने बानी परेका बालबालिका घरबाट बोकेर लगेको करिब आधा लिटर पानीका भरमा दिनभर विद्यालयमा बस्दा उनीहरूको शारीरिक स्वास्थ्य प्रणालीमा अनेकौं समस्या सिर्जना हुने गरेका छन् । पछिल्लो समय बालबालिकामा देखिएको कब्जियतजन्य र छटपटी, बेचैनी, स्मृतिलोप र एकाग्रतामा कमी जस्ता समस्या पर्याप्त पानीको अभावका कारण सिर्जना भएको चिकित्सकहरू बताउँछन् । गृहकार्य बालबालिकाका लागि अर्को समस्याका रूपमा तेर्सिने गरेको छ । दिनभर विद्यालयमा बस्ने बालबालिकालाई घरका काम र सामाजिक सम्बन्ध सुधार गर्ने किसिमका व्यावहारिक गृहकार्य दिनु राम्रो हो । यसले उनीहरूको आत्मबल बढ्ने, समायोजन क्षमतामा वृद्धि हुने तथा जीवनोपयोगी सीप सिक्ने अवसर सिर्जना गर्छ । तर दुःखलाग्दो कुरा, हाम्रा विद्यालयहरूमा यस किसिमका जीवनोपयोगी सीप विकास गर्ने किसिमका गृहकार्य दिने गरेको पाइँदैन । विद्यालयमा बालबालिकालाई धेरैभन्दा धेरै सूचना घोकाउने कामलाई नै प्राथमिकता दिइन्छ ।

भौतिक संरचनाको अभावका कारण विद्यालयमा खेल्ने अवसर नपाएका बालबालिका घर पुगेपछि शारीरिक व्यायाम त के, सामाजिक अन्तर्क्रिया गर्ने समयसमेत पाउँदैनन् । विद्यालयको झोला बिसाउँदा नबिसाउँदै उनीहरूमा गृहकार्यले सिर्जना गरेको तनावले बेचैनी ल्याउँछ । पूर्वप्राथमिक विद्यालयमा पढ्ने विद्यार्थीलाई समेत गृहकार्यको भारी बोकाउने हाम्रा विद्यालयहरूले बालमनोविज्ञान र बालविकासलाई सर्वथा उपेक्षा गरेको देखिन्छ ।


पाठ्यवस्तु घोकाउनुलाई गुणस्तरीय शिक्षा मान्ने मनोवृत्तिका कारण विद्यालयमा बालबालिकालाई पढाइका नाममा घोकाउने र घरमा गृहकार्यका नाममा लदाउने काम मात्र भएको छ । उनीहरूमा रहेको सीपलाई विकास गर्ने र आवश्यक सीप सिकाउने काम प्राथमिकतामा पर्न सकेको छैन । बालबालिकाको वृद्धि र विकासमा प्रतिकूल प्रभाव पार्ने यस किसिमका क्रियाकलापलाई समयमै निरुत्साहन नगर्ने हो भने समस्याले अझ गम्भीर रूप लिनेछ ।

नेपालका सहरी क्षेत्रमा हालै मौलाउँदै गएका शैक्षिक क्षेत्रका यस्तै प्रकृतिका विकृति छिमेकी मुलुक भारतमा केही वर्षअघिदेखि नै देखिँदै आएका छन् । विद्यार्थी र विद्यालय व्यापारीका आयआर्जनका स्रोत मात्र बन्न थालेपछि दिल्ली सरकारले 'पोलिसी अन स्कुल ब्याग २०२०' जारी गरी विकृति नियन्त्रण गर्ने प्रयास गरेको छ । यस निर्देशिकाले पूर्वप्राथमिक विद्यालयमा स्कुल ब्याग र किताब निषेध गरेको छ । कक्षा एकदेखि १२ सम्मका विद्यार्थीका लागि उनीहरूको औसत तौल निर्धारण गरी यसैका आधारमा बढीमा विद्यार्थीको तौलको १० प्रतिशतसम्म वजन भएको स्कुल ब्याग प्रयोगमा ल्याउन निर्देश गरेको छ । यस आधारमा कक्षा १-२ का बालबालिकाको ब्याग एक किलो छ सय ग्रामदेखि दुई किलो दुई सय ग्रामसम्म र आठ कक्षाका विद्यार्थीको ब्याग साढे दुईदेखि चार किलोसम्म हुन सक्ने नियम लगाएको छ । अनावश्यक पुस्तक थोपरेर गह्रौं भारी बनाउने विद्यालयलाई निरुत्साहित गर्न विद्यालयले तोकिएका पाठ्यपुस्तक मात्र प्रयोग गर्ने र प्रकाशकले पाठ्यपुस्तकमा पुस्तकको तौलसमेत उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ । विद्यालयको झोलालाई छरितो बनाउन दिल्ली सरकारले विद्यालयमै स्वस्थकर खानेपानीको व्यवस्था गर्नु विद्यालय व्यवस्थापनको कर्तव्य र जिम्मेवारी मानेर सोहीअनुरूप गर्नसमेत निर्देश गरेको छ । विद्यालय शिक्षामा देखापरेका विकृति अन्त्य गर्ने प्रयासस्वरूप जारी भएको यस निर्देशनले विद्यार्थीलाई दिने गृहकार्यलाई समेत व्यवस्थित गर्ने प्रयास गरेको छ । दुई कक्षासम्मका विद्यार्थीलाई कुनै पनि गृहकार्य दिन नपाइने तथा कक्षा ३ देखि ५ सम्मका विद्यार्थीलाई प्रतिसाता दुई घण्टामा गरि सक्ने जति मात्र गृहकार्य दिन पाउने भनेको छ । कक्षा ६ देखि ८ सम्मका विद्यार्थीलाई भने प्रतिदिन बढीमा एक घण्टामा गर्न सक्ने जति गृहकार्य दिने र ९ भन्दा माथिका विद्यार्थीलाई प्रतिदिन दुई घण्टामा सक्ने जति गृहकार्य दिन सकिने व्यवस्था निर्देशनमा गरिएको छ ।

कक्षा एक र दुई कक्षाका विद्यार्थीलाई एउटा मात्र कापीको व्यवस्था गर्नुपर्ने नियम बनाएको दिल्ली सरकारले उक्त प्रावधानहरूलाई कडाइका साथ लागू गर्न नियमनका कार्यक्रमसमेत जारी राखेको छ । विद्यार्थीलाई दुइटा फिता भएको झोला बोक्न र आवश्यकभन्दा बढी किताब कापी नबोक्न सघाउने उद्देश्यले विद्यालयमा पुस्तक राख्न मिल्ने दराजको व्यवस्था गर्नसमेत निर्देश गरेको छ । यस किसिमको व्यवस्थाका कारण राजधानी दिल्लीका विद्यार्थी लाभान्वित भएका मात्र छैनन्, त्यहाँको शैक्षिक स्तरमा समेत राम्रो सुधार देखिएको छ ।

नेपालका सहरी र नगरोन्मुख क्षेत्रमा बढ्दै गएको धेरै किताब राख्ने प्रवृत्ति निरुत्साहित गर्न नेपाल सरकारले उपयुक्त कदम चाल्नु आवश्यक छ । बालमनोविज्ञानको बेवास्ता गरिएका गुणस्तर हीन पाठ्यपुस्तकमा रोक लगाउने तथा बेलगाम छाडिएका निजी प्रकाशकलाई नियमनमा ल्याउने कामलाई समेत प्राथमिकता दिनुपर्छ । कमिसनको लोभमा स्तरहीन पुस्तक लगाउने विद्यालय तथा ठूला किताब बनाएर धेरै मूल्य असुल्ने प्रकाशकको अर्थलोलुप प्रवृत्तिलाई समयमै नियन्त्रण गर्नुपर्छ । पानीसमेत घरबाटै बोक्न बाध्य बार्ने विद्यालयलाई स्वस्थ र पर्याप्त पानीको व्यवस्था अनिवार्य रूपमा विद्यालयमै मिलाउनुपर्ने विषयलाई कडाइसाथ लागु गर्न सके विद्यार्थीका झोलाको वजन घट्छ, उनीहरूले पर्याप्त र स्वस्थ पानी पिउने अवसर पनि पाउँछन् । समग्र शैक्षिक विकासका लागि उपयुक्त किसिमका नीति र योजना आवश्यक भए पनि शिक्षा क्षेत्रमा झाँङ्गिँदै गएका विकृति नियन्त्रण गर्न पुस्तक, बालबालिकाका झोला, खानेपानी र गृहकार्य जस्ता ससाना तर बहुप्रभावी विषयमा तुरुन्तै सुधार गर्नु आवश्यक छ । -साभार: इकान्तिपुर

# एउटै व्यक्तिलाई एकै दिन १२ पदक !



पोखरा/ कला साहित्यमा मानपदवी लेनदेन हुने गरेको यदाकदा सुनिएको छ । पोखरामा एउटै व्यक्तिलाई १२ पदवी दिएपछि पदककै हुर्मत लिने काम भएको भन्दै चर्को आलोचना भइरहेको छ ।

पोखराका देशभक्तसिंह कुँवरलाई विभिन्न संस्थाले प्रतिसंस्था ५० हजार रुपैयाँका दरले ६ लाख रुपैयाँसहित विभिन्न १२ वटा उपाधिले सम्मान गरेका छन् ।

कुँवरले शब्द सम्राट, वाङ्मय सम्राट, साहित्य सम्राट, सिर्जना सम्राट, रचना सम्राट, लेखक सम्राट, दिव्य गायक, बहुआयामिक व्यक्तित्व, संगीत मणिरत्न, युग सञ्चारमणि, महासाहित्यकार र दुर्लभ महामानव गरी १२ उपाधि पाएका हुन् ।

यसअघि पनि कुँवरले 'अलौकिक कवि'को उपाधि पाएका थिए । डेढ घन्टाभित्र लेखेर सकेको दाबी गरिएको 'सेतो संसार' नामक मुक्तक संग्रह प्रकाशन गरेर उनले २०७५ सालमा 'अलौकिक कवि'को उपाधि पाएका थिए । सोही वर्षको असोज २८ गते विभिन्न सयभन्दा बढी संस्थाको समर्थनमा तत्कालिन मेयर मानबहादुर जिसीको उपस्थितिमा आफूले पाएको उपाधि अनुमोदन भएको उनको दाबी छ ।

कुँवरलाई इन्ल्याल्क नेपाल (अंग्रेजी प्रौढ साक्षरता अभियान), इन्ल्याल्क नेपालकै पोखरा र काठमाडौं शाखा, उन्नतिशील वाङ्मय प्रतिष्ठान, बैदाम वाङ्मय प्रतिष्ठान, रुपांकन साहित्य परिवार, श्रीवृद्धि साहित्य परिवार, श्री ऐतिहासिक कुँवर तथा राणा सांस्कृतिक समाज, सनलाइट मिडिया ट्रेनिङ सेन्टर, काराबि फाइनान्सियल एजेन्सी, काबिन ग्राफिक्स सोलुसन, माछापुच्छे सांस्कृतिक परिवारले संयुक्त रुपमा विभिन्न उपाधि प्रदान गरेको थियो ।

यसवर्ष भने कुँवरलाई एकैदिन १२ उपाधि दिइएपछि अहिले सामाजिक सञ्जालमा उनीमाथि व्यंग्य भइरहेको छ । वरिष्ठ साहित्यकारले समेत सामाजिक सञ्जालमा व्यंग्यसहित तीव्र आलोचना गरिरहेका छन् ।

साहित्यकार सरस्वती प्रतीक्षाले सोमबार सामाजिक सञ्जालमा व्यंग्य गर्दै उपाधिहरुकै हुर्मत लिने काम गरिएको उल्लेख गरेकी छन् । ''ब्यानरमै 'साहित्यिक राष्ट्रनायक' रे अझै । उपाधिहरुकै हुर्मत काट्ने गरेर यसरी प्रायोजित रुपमा आफैंलाई, अरुलाई सम्मान गरेर वाङ्मयको सम्मान हुन्छ कि अपमान ?' उनले लेखेकी छन्, 'साधना र सिर्जना कठिन बाटोको अर्को नाम हो । त्यसलाई यस हदको सस्तो बनाइनु हुँदैन कदाचित ।'

हेटौंडाका कवि निमेश निखिलले पनि सामाजिक सञ्जालमै व्यंग्य गरेका छन् । उनले पोखराकै वरिष्ठ साहित्यकार सरुभक्त तथा तीर्थ श्रेष्ठलाई उल्लेख गर्दै लेखेका छन्, 'लाजलाई पनि लाज लाग्यो होला ! साहित्यको यतिसम्म हुर्मत ? लौ न भक्त दाइ, तीर्थ दाइ ! के हो यस्तो तपाईंहरुको सहरतिर ?'

निखिलको स्टाटसमा वरिष्ठ साहित्यकार श्यामल अधिकारीले पनि प्रतिक्रिया थपेका छन् । 'यति विराट अनि अलौकिक प्रतिभाका बारे सुइँकोसम्म नपाउने हामी लौकिक लण्ठूहरुलाई जिस्काउनु कुन ठूलो कुरा भो र ?' अधिकारीले भनेका छन्, 'सम्मान गर्ने संस्थाहरुलाई यस अलौकिक कार्यका लागि कस्तो धन्यवाद दिन सकिएला ?'

***'बा को इच्छा पूरा गर्न सम्मान थापेको हुँ'***

कुँवरले आफूले बाबुको इच्छा पूरा गर्न आफूले सम्मान थापेको बताएका छन् । बाबु बिरामी रहेको र जीवन छँदै छोरोको प्रगति देख्ने इच्छा पूरा गर्न सम्मान थापेको बताए । 'बा पनि बिरामी हेइसिन्छ । नत्र म पनि सम्मान लिनुपर्छ, थाप्नुपर्छ भन्ने मान्छे त होइन । तर, जीवनकालमै छोराको प्रगति देख्ने बाबुको इच्छा पूरा गर्न पुरस्कार थापेको हुँ ।'

पुरस्कार प्रदान गर्ने मुख्य आयोजक रहेको इन्ल्याल्कका अध्यक्ष पोखराको पृथ्वीनारायण क्याम्पसका प्राध्यापक हुन् । पदवी वितरण कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपतिदेखि शिक्षाविद् जर्ज जोनसम्मको उपस्थिति थियो ।

अलौकिक कविको उपाधि पाएको केही महिनापछि नै इन्ल्याल्क नामक संस्थाले अन्य उपाधिका लागि आग्रह गरेको कुँवरको दाबी छ । पछि अन्य संघसंस्थाले पनि आफूलाई उपाधि दिन प्रस्ताव राखेको उनले बताए । 'सुरुमा यामबहादुर थापा क्षेत्रीले प्रस्ताव गर्नुभयो । त्यतिबेला मैले समय छैन भनिदिएको हुँ । पछि काठमाडौँका विभिन्न संस्थाले मेरोबारे थाहा पाउनुभएछ । उहाँहरुले पनि प्रस्ताव राख्नुभयो,' कुँवरले भने, 'तर, १२ चोटि फरक फरक ठाउँमा गर्दा समय र आर्थिक खर्च हुने भएकाले तालमेल मिलाउन एकैपटक गरौं भनेर आफैं भनेको हुँ ।' कुँवरले आफूले अग्रजहरुलाई सोध्दा पनि पदवी लिन सुझाएको दाबी गरे । 'मैले अग्रजहरुलाई सोध्दा पनि हुन्छ लिन हुन्छ भन्नुभयो,' उनले भने, 'मलाई सम्मान गर्ने संस्थाहरुले दिलबाटै दिनुभएको हो । विभिन्न समयावधिमा साहित्यिक क्षेत्रको छोटो बसाइँमा धेरै सिर्जना गर्न सक्ने भएर दिनुभएको हो, मैले लिएँ ।' सम्मान गर्ने कुनै पनि संस्थामा आफ्नो आवद्धता नरहेको पनि कुँवरले दावी गरे ।

***१०८ किताब प्रेसमै, एकैदिन विमोचन गर्ने इच्छा***

कुँवरले अझै १०८ वटा कृति प्रकाशोन्मुख रहेको उनको दाबी गरेका छन् । उनले ती कृति प्रकाशनका लागि प्रेसमा पुगिसकेको बताए । '२ वर्ष अगाडिदेखि नै तयार छ । एउटा प्रेसले छाप्न भ्याउँदिन भनेपछि फरकफरक प्रेसमा गएको छ', कुँवरले भने, 'अब १०८ वटै किताब एकैचोटि विमोचन गर्ने चाहना छ । एकैचोटि विमोचन गर्न सकियो भने देशकै गौरवको कुरा हुन्छ ।'

केही समयअघिमात्रै चितवनमा 'साहित्यिक राष्ट्रनायक'को उपाधि पाएका कुँवरले गीत, कविता, गजल, मुक्तक, हाइकू, छेस्का, थांकालगायतका दर्जनौं कृति प्रकाशन तथा २५० गीतमा स्वर तथा संगीत दिएको दाबी गरेका छन् । -साभार: अनलाइनखबर

# फुटपाथमा बस्नेलाई लखेट्ने हैन, व्यवस्थापन गर्ने हो

काठडामौं/ गत असार १७ गते काठमाडौँको मुटु बालुवाटारमा नगर प्रहरी र ठेलागाडामा मकै बेच्ने दम्पत्तिबीच रस्साकस्सी चल्यो । दिउँसोको टन्टलापुर घाममा गाडामा मकै पोलेर बेचिरहेका सामान्य व्यापारीलाई हटाउन नगर प्रहरीले बलजफ्ती गरेको थियो ।

सार्वजनिक भएको एक भिडियोमा प्रहरीले व्यापारीमाथि हातपात गरेको देखिन्छ । ठेलागाडा उठाउने क्रममा महिलाले हारगुहार गरेर रोक्न खोजेपछि उनलाई लछार पछार गरियो । यता, उनका श्रीमानले आफ्नो ठेला बचाउन गरेको अथक प्रयास सफल भएन, प्रहरीले ठेला र मकै लगेरै छाड्यो ।

सामाजिक सञ्जालमा भाइरल भएको यो भिडियोले फुटपाथ व्यवसाय ठीक कि बेठीक भन्ने बहस पुन: चर्किएको छ । शहरको सुन्दरता र शहरी सुरक्षासँग समेत प्रत्यक्ष जोडिएको फुटपाथ व्यापारलाई लिएर बेला-बेला हुने मौसमी बहस यो घटनापछि फेरि शुरु भएको छ । यसको पक्ष र विपक्षमा सञ्जाल गर्माएको छ ।

वास्तवमा काठमाडौँका मुख्य बजारमा हुने फुटपाथ व्यापार नयाँ होइन । रत्नपार्क, बालाजु, कोटेश्वर, बानेश्वर, चावहिल, गौशाला, कलंकीलगायतका क्षेत्रमा विगतदेखि नै हिंड्नै नमिल्ने गरी फुटपाथ व्यापार हुँदै आएको छ । साँझ र बिहानको समय सडकमै सामान असरल्ल पारेर



निर्वाध ढंगले व्यापार भैरहेको हुन्छ । एकातिर सडकको जाम, अर्कोतिर बाटो छेकेर राखिएका यस्ता पसल, पैदलयात्रीले पाउने सास्ती र हैरानीको कुरा गरिसाध्य हुँदैन ।

त्यसो त, महानगरपालिकाले उपत्यकाभित्र ठेला, डोको, क्रेट र नांग्लोमा व्यापार गर्न प्रतिवन्ध लगाएको छ । तैपनि व्यवहारिकरुपमा भने रोकिएको छैन । बरु फुटपाथ व्यापारका नाममा नगर प्रहरी र व्यापारीबीचको लुकामारी रोचक देखिन्छ । नगर प्रहरी पुग्नेबित्तिक्कै सामान पोको पारेर व्यापारीहरुको भागाभाग चल्छ । जब प्रहरी हिंड्छ फेरि उनीहरु पुरानै ठाउँमा फर्किएर पसल राखिहाल्छन् । पैसा असुलेर पसलेलाई पूर्वजानकारी दिएर भगाए जस्तो गर्ने र फेरि छोडिदिने गरेको आरोप नगर प्रहरीमाथि छ ।

अस्ति बालुवाटारका मकै व्यापारीले पनि त्यसै भने । आफूले पैसा नदिएकै कारण नगर प्रहरीको निशानामा परेको र जवर्जस्ती सामान उठाएको उनले आरोप लगाएका छन् ।

वास्तवमा राजधानी शहर सुन्दर र फराकिलो बनाउने हो भने फुटपाथ व्यवसाय हटाउनै पर्छ । फुटपाथ बिल्कुल पैदल यात्रीको लागि हो,र त्यहाँ उनीहरु निर्वाध हिंड्न पाउनुपर्छ । तर, यसको मतलब फुटपाथ व्यवसायको दीर्घकालीन व्यवस्थापन नगरी हचुवाका भरमा प्रहरी लगाएर सामान जफत गर्ने कुरालाई पनि ठीक मान्न सकिंदैन । शहरी सौन्दर्यताको कुरा जति महत्वपूर्ण छ, दैनिक गुजारा चलाउन फुटपाथमा सामान राख्नुपर्ने बाध्यता उत्तिकै संवेदनशील छ । त्यसैले महानगरले यस सम्बन्धी नीतिगत निर्णय गरेर दीर्घकालीन योजना बनाउनु पर्छ । सार्वजनिक खपतका लागि गरिने स्टन्टबाजीले क्षणिक वाहवाही बटुल्न सकिए पनि त्यसले समस्याको समाधान दिंदैन भन्ने कुरा महानगरका मेयर बालेन्द्र साह र यससम्बन्धी अन्य सरोकारवालाहरुले बेलैमा बुझ्न जरुरी छ । फुटपाथ व्यापारलाई देखाएर सेन्टिमेन्टको व्यापार गर्ने अर्को खतरनाक प्रवृत्ति पनि छ । शहरी सुन्दरताका पक्षमा बहस गर्ने र अभियान चलाउनेहरु नै फुटपाथ व्यवसायको प्रवर्धन हुने गरी प्रस्तुत हुने गरेको पनि पाइन्छ । तर, बुझ्नुपर्ने कुरा के हो भने फुटपाथमा पसल सञ्चालन गर्नेहरु सबै गरिब र त्यही आश्रित हुनुपर्ने स्तरका हुँदैनन् । न्यूरोड, असनतिर ठुल्ठूला होलसेल पसल बाटोमै राखिएको हुन्छ ।

सेन्टिमेन्टको व्यापार कति हानिकारक हुन्छ भन्ने एउटा तथ्य-ट्युनिसियाको फुटपाथमा व्यापार गरेर जीवन गुजारा गर्ने एक व्यक्तिलाई त्यहाँको नगर प्रहरीले दु:ख दिएपछि अरब बसन्त नामको आगो सल्किएको थियो । पछि त्यो क्रमश: ट्युनिसिया हुँदै इजिप्ट, सिरिया,बहराइन,यमन र लिबियामा फैलिँदा सिंगो अरब क्षेत्र तहसनहस हुन पुग्यो ।

त्यसैले भावनात्मक कुरा गरेर आफ्नो राजनीतिको रोटी सेक्ने होइन,तथ्यको जगमा उभिएर सत्य कुरा भन्नुपर्छ । -साभार: जनआस्था

## तेल वितरणमा कोटा तोक्ने निगमको प्रस्ताव

काठमाडौं/नेपाल आयल निगमले तेल वितरण प्रणालीमा कोटा लगाउनेगरी सरकारलाई प्रस्ताव गरेको छ । निगमले तेलको खपत कम गर्नका लागि एक पटकमा मोटरसाइकललाई बढीमा ५ लिटर र कार तथा जिपलाई २० लिटरसम्म तेल वितरण गर्नेगरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई प्रस्ताव पठाएको हो ।

त्यस्तै सरकारी तथा निजी सवारीसाधन जोर विजोर प्रणालीमा सञ्चालन गर्न पनि निगमले प्रस्ताव गरेको छ । देशका प्रमुख शहरमा शनिबार गाडीरहित सार्वजनिक विदाको घोषणा गर्नुपर्ने निगमको प्रस्ताव छ । छोटो दूरीमा सवारीसाधनको सकभर प्रयोग नगरी पैदल यात्रा गर्न आह्वान गर्ने, पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधन लगायत अन्य उपकरणहरुको आयात बन्द गर्ने, ठूला उद्योग, परियोजना, होटल आदिले डिजेल तथा एलपी ग्यासको खपत नगरी विद्युतको खपत गर्न आह्वान गर्ने प्रस्ताव निगमको छ ।

# 'मिलन'मा सलोन, शिल्पा र कुशलको त्रिकोणात्मक प्रेम

काठमाडौं/ आगामी कात्तिक पहिलो साताबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मिलन'मा सलोन बस्नेत, कुशल शाह ठकुरी र शिल्पा थापा एकसाथ देखिने भएका छन् । ६ महिना अगाडि छायांकन सकेर डबिङको काम समेत पूरा भइसकेको फिल्म तीन पात्रको त्रिकोणात्मक प्रेमकथामा आधारित रहेको निर्देशक टेक पौरखी राईले जानकारी दिए । फिल्म उत्कृष्ट बनेको उनको दाबी छ ।

फिल्ममा शिशिर बाङ्देल, विशाल पहाडी, जानुका पौडेल (प्याकुली) लगायतका कलाकारहरुको अभिनय रहेको छ । चकलेटी लुक्सका कुशलले यही फिल्मबाट नायकको रुपमा डेब्यू गर्दैछन् भने शिल्पाको पनि यो पहिलो फिल्म हो । उनी टिकटकमा चर्चित छिन् । निर्देशक राईले भने यसअघि दुई फिल्म 'मट्टीमाला' र 'माया पिरिम' निर्देशन गरिसकेका छन् । फिल्ममा उनकै लेखन छ । फिल्मको गीतमा कविराज गहतराजको कोरियोग्राफी छ भने प्रताप दास, कौसल खड्का, प्रविशा अधिकारी, कृष्ण केसी,



अस्मिता अधिकारी र बबिना किँरातीले स्वर दिएका छन् । काठमाडौं र कालिन्चोकमा खिचिएको फिल्मको निर्माता प्रविन थापा हुन् । राहुल राईको छायांकन र तारा किम्बे थापाको सम्पादन रहेको फिल्मको कथाले युवापुस्तालाई आकर्षित गर्ने निर्देशक राईको आशा छ । -फिल्मीखबरबाट

# म्यानचेस्टर सिटीले फिलिप्स भित्र्यायो

एजेन्सी/प्रिमियर लिग च्याम्पियन म्यानचेस्टर सिटीले अर्को प्रिमियर लिग क्लब लिड्स युनाइटेडका मिडफिल्डर काल्भिन फिलिप्सलाई अनुबन्ध गरेको छ । सिटीले मिडफिल्डर फिलिप्सलाई ४५ मिलियन पाउन्डमा ६ वर्षको लागि अनुबन्ध गरेको हो । अब २६ वर्षीय फिलिप्स सन् २०२८ सम्म इतिहाद स्टेडियममा रहनेछन् । एलान्ड रोडमा आठ सिजनमा २३५ खेल खेलेका फिलिप्सको लिड्ससँग अझै दुई वर्ष सम्झौता बाँकी रहेपनि उनले सिटी रोजेका हुन् ।




इंग्ल्यान्डका मिडफिल्डर फिलिप्स यो समरमा सिटीमा अनुबन्धित हुने तेस्रो खेलाडी हुन् । यसअघि सिटीले नर्वेजियन एर्लिङ ब्राउट हालान्ड र स्टेफान ओर्टोका मोरेनोलाई अनुबन्ध गरिसकेको छ ।

'म्यानचेस्टर सिटीमा आबद्ध हुन पाउँदा म एकदमै खुसी छु । सिटी फेरि देशकै उत्कृष्ट टोली हो ।' सिटीमा अनुबन्ध भएपछि फिलिप्सले भने, 'पेप ग्वार्डिओला एक अद्भुत व्यवस्थापक हुन् । जसलाई विश्वको उत्कृष्ट मानिन्छ । पेपको नेतृत्वमा खेल्न पाउनु, उनी र उनको कोचिङ स्टाफबाट सिक्नुका साथै यस्तो उत्कृष्ट टोलीको हिस्सा बन्न पाउनु भनेको म अविश्वसनीय रूपमा उत्साहित छु ।' सिटीका फुटबल निर्देशक टक्सीकी बेगिरिस्टेनले प्रतिभावान् फिलिप्स आफ्नो टोलीमा थप उत्कृष्ट हुने बताएका छन् ।

सिटीमा अनुबन्ध भएसँगै फिलिप्सले लिड्स, लिड्सका समर्थक र प्रशिक्षक मार्सेलो बिएल्साको विशेष प्रशंसा गर्दै लिड्सले आफुलाई सबै थोक दिएको बताएका छन् । 'म एक विशेष व्यक्ति मार्सेलोको उल्लेख नगरी लिड्सको उल्लेख गर्न सक्दिन ।' फिलिप्सले लेखे, 'मैले भेटेको सबैभन्दा उत्कृष्ट प्रबन्धक, उहाँ क्लबलाई जीवन दिने व्यक्ति हुनुहुन्छ, उहाँले खेलाडीहरू र क्लबमा संलग्न सबैलाई विश्वास दिनुभयो कि हामी १६ वर्षपछि प्रिमियर लिगमा फर्कियौं ।'

तिमीले क्लबलाई सबै कुरा मात्र दिएनौ तर मलाई आज मैदानमा र मैदानबाहिर रहेको व्यक्ति बन्नको लागि आवश्यक सबै कुरा पनि दिनुभयो । नयाँ प्रबन्धक जेसी मार्श पनि अविश्वसनीय र राम्रो व्यक्ति भने लेखेका छन् ।

फिलिप्सले सेप्टेम्बर २०२० मा इंग्ल्यान्डका लागि डेब्यू गरे । एक वर्ष ढिला गरि भएको युरो २०२० मा सबै खेल खेलेका उनी इंग्ल्याण्डको वर्षको पुरुष खेलाडी घोषित भएका थिए । लिड्सका पूर्व प्रशिक्षक मार्सेलो बिएल्साको नेतृत्वमा एक प्रमुख खेलाडी बनेका फिलिप्सले २०१९-२० को सिजनमा च्याम्पियनसिपमा ३७ खेल खेल्दा लिड्सलाई १६ वर्षपछि प्रिमियर लिगमा बढुवा गराउन महत्वपूर्ण भुमिका निभाएको थियो । गत सिजन ह्यामस्ट्रिङ चोटका कारण उनले केवल २० लिग खेल खेले ।

यस्तै लिड्सले सिटीका युवा खेलाडी डार्को ग्याबीलाई चार वर्षको सम्झौतामा अनुबन्ध गरेको छ । १८ वर्षीय सेन्ट्रल मिडफिल्डरले २०१८ मा मिलवालको एकेडेमीमा सिटी पुगेका थिए । सिटीको युथ टोलीलाई २०२०-२१ को प्रिमियर लिगको नर्थ टाइटलको उपाधि जिताएका थिए ।

उनले गत सिजन सिटीको यु-२३ टोलीबाट १० खेल खेल्दै एक गोल गरेका छन् । इंग्ल्यान्डको युथ टोलीबाट १२ क्याप जितेका ग्याबी लिड्समा ब्रेन्डन आरोनसन, रस्मस क्रिस्टेनसेन र मार्क रोकापछि अनुबन्ध हुने चौथो खेलाडी बनेका छन् । -साभार: हाम्रो खेलकुद

# पुनर्कर्जा सुविधालाई निरन्तरता दिन माग

काठमाडौं/ निर्यात व्यवसायी महासंघले निर्यात व्यवसायमा पुनर्कर्जाको सुविधालाई निरन्तरता दिन माग गरेको छ । महासंघका अध्यक्ष रामबहादुर गुरुङले आइतबार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई भेटेर मौद्रिक नीतिमा निर्यात व्यवसायमा पुनर्कर्जाको सुविधालाई निरन्तरता दिन माग गरेका हुन् ।

अध्यक्ष गुरुङले नेपालको निर्यात क्षेत्रमा कोभिड-१९ को प्रभाव नसकिँदै अर्थतन्त्रमा तरलता अभाव देखिएकाले व्यवसायी अप्ठ्यारोमा परेको बताए । गण्डकी प्रदेशका सांसद उनले देशको आर्थिक गतिविधि सञ्चालनमा निजी क्षेत्रको महत्वपूर्ण योगदान रहेको जनाउँदै निजी क्षेत्रलाई समेट्ने गरी मौद्रिक नीति ल्याउन माग गरे ।

महासंघले निर्यातमा दुई तिहाइभन्दा बढी गैरभन्सार अवरोध, प्रक्रियागत र नीतिगत जटिलताको कारण नेपालको निर्यात व्यापार अपेक्षितरुपमा बढ्न नसकेको बताएको छ । नेपालले चार हजारभन्दा बढी वस्तु आयात गरे पनि निर्यात भने एक हजारभन्दा कम वस्तु भएको जनाउँदै निर्यात क्षेत्रलाई प्राथमिकता दिनुपर्ने बताएको छ । नेपालको निर्यात घटेको कारण व्यापार घाटा बढेको अध्यक्ष गुरुङको भनाइ छ ।

महासंघले अति कम विकसित मुलुकबाट फड्को मारेर एक तहमाथि उक्लने भएपछि नेपालले पाउँदै आएको 'जीएसपी' सुविधा सन् २०२६ देखि हट्ने भएकाले यसलाई मध्यनजर राख्दै मौद्रिक नीतिमा समेट्न आग्रह गरेको छ । यस्तै, हाल राष्ट्र बैंकले प्रदान गरेको निर्यात कर्जामा समस्या देखिएको भन्दै यसलाई समाधान गर्नसमेत माग गरेको छ । नेपालको निर्यात अन्य मुलुकको तुलनामा कम रहेको कारण थप प्रोत्साहित गर्न अघिल्लो भएको निर्यातको २५ प्रतिशते हुन आउने रकम बराबर चालु पुँजीसहित निर्यात कर्जा कोष स्थापना गर्नुपर्ने बताएको छ ।

निर्यात क्षेत्रको विकासका लागि अन्य देशमा जस्तै यस क्षेत्रलाई समेट्ने छुट्टै बैंकको स्थापना गर्नुपर्ने बताइएको छ । भन्सार क्षेत्रमा देखिएको झण्झट हटाउन तथा भन्सारबाट निर्यात प्रमाणित भएको कागजातको आधारमा बिना झन्झट स्वत: सम्बन्धित उद्योग कम्पनीको बैंक खातामा जम्मा हुने व्यवस्था गर्न आग्रह गरेको छ ।

अनलाइनमार्फत सामान बिक्री गर्ने व्यवस्था मिलाउनुपर्ने, अनलाइनबाट नेपाली उत्पादन विश्व बजारमा बिक्री गर्न अन्तर्राष्ट्रिय भुक्तानीका साथै सामानको वारेन्टी र ग्यारेन्टीको लागि सहज हुने गरी विदेशी विनिमय ऐनलाई संघशोधन गरिनुपर्ने चीनसँग गरिने निर्यात व्यापार (भारतसँग भारतीय मुद्रामा जस्तै) चिनियाँ मुद्रामा गर्न पाउनुपर्ने, निर्यात व्यापारको जोखिम कम गर्नको लागि निर्यात जोखिम बीमाको व्यवस्था मिलाउन महासंघले माग गरेको छ । -रासस

## रोनाल्डो युनाइटेडको प्रशिक्षणमा अनुपस्थित

काठमाडौं/ च्याम्पियन्स लिग खेल्ने चाहनाका कारण म्यानचेस्टर युनाइटेड छाड्ने योजना बनाएका क्रिष्टियानो रोनाल्डो क्लबको 'प्रि-सिजन' प्रशिक्षणमा अनुपस्थित भएका छन् ।

सोमबार बिहान नयाँ प्रशिक्षक एरिक टेन ह्यागको नेतृत्वमा क्लबका अधिकांश खेलाडी उपस्थित हुँदा रोनाल्डो पारिवारिक कारण देखाएर प्रशिक्षणमा अनुपस्थित भएका हुन् । पोर्चुगलका फरवार्ड रोनाल्डोले आइतबार मात्र उपयुक्त प्रस्ताव आए युनाइटेड छाड्ने बताएका थिए । उनले त्यसक्रममा आफ्नो अर्को सिजन च्याम्पियन्स लिग खेल्ने चाहना रहेको बताएका थिए । युनाइटेडसँग रोनाल्डोको सम्झैता सकिन अझै एक वर्ष बाँकी छ । ब्रुनो फर्नान्डेज र राफेल भराने सोमबार बिहान ९ बजे क्लब पुगेका थिए । मार्कुस राशफोर्ड, जाडोन सान्चो, डोनी भान डी विक र आरोन वान-बिसाकाले गत साताबाटै प्रशिक्षण गरेका थिए । युनाइटेड गत सिजन च्याम्पियन्स लिगका लागि छनोट हुन नसकेपछि रोनाल्डोको भविष्यबारे अड्कलबाजी गर्न थालिएको थियो । यद्यपि, युनाइटेडका नयाँ प्रशिक्षक एरिक टेन ह्यागले रोनाल्डो आफ्नो योजनाको हिस्सा भएको बताउँदै आएका छन् । -बाह्रखरीबाट

**आकर्षक घडेरी बिक्रिमा**

हेटौंडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमती प्रदेशको १९ दिनको खर्च करिब ४ अर्ब

श्रीजना नेपाल

हेटौंडा, २० असार/ बागमती प्रदेश सरकारले पछिल्लो १९ दिनमा करिब ४ अर्ब रुपैयाँ बजेट खर्च गरेको छ ।

बजेट खर्चमा सधैं कमजोर देखिँदै आएको प्रदेश सरकारले चालु आर्थिक वर्षको अन्तिम महिनाको १९ दिनमा नै करिब ४ अर्ब रुपैयाँ बजेट खर्च गरेको हो । २४ अर्ब रुपैयाँ खर्चिन ११ महिना अर्थात ३३० दिन लगाएको प्रदेश सरकारले आर्थिक वर्षको अन्तिम महिनाको १९ दिनमा नै तीन अर्ब ९९ करोड ८७ लाख रुपैयाँ बजेट खर्च गरेको छ ।




यो खर्च दैनिक रुपमा २१ करोड भन्दा बढी हुन आउँछ । आर्थिक वर्षको ११ महिना अर्थात ३३० दिनसम्म दैनिक रुपमा ७ करोड ४२ लाख ११ हजार पाँचसय १५ को हाराहारीमा खर्च गर्ने गरेको सरकारले आर्थिक वर्षको अन्तिम महिनामा दैनिक खर्चलाई २१ करोड ४ लाख ५७ हजार ८ सय ९४ रुपैयाँको हाराहारीमा पुऱ्याएको छ । आर्थिक वर्ष सकिनै लाग्दा भने सरकारले दैनिक खर्चलाई १३ करोड ६२ लाख रुपैयाँले बढाएको छ ।

चालु आर्थिक वर्ष २०७८/७९ को ११ महिना अर्थात जेठसम्ममा सरकारको बजेट खर्च ४२ प्रतिशत मात्रै थियो । तर, पछिल्लो १९ दिनमा सरकारले बजेट खर्चलाई ४९ प्रतिशत पुऱ्याएको छ । चालू आव २०७८/०७९ मा ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याएकोमा जेठ मसान्तसम्ममा २४ अर्ब ४८ करोड ९८ लाख रुपैयाँ मात्रै खर्च गरेको थियो ।

असार महिनाको १९ दिन अर्थात सोमबारसम्ममा सरकारको कुल बजेट खर्च २८ अर्ब ४८ करोड ८५ लाख रुपैयाँ पुगेको छ । जसमा चालुतर्फ २३ अर्ब ३५ करोड ८० लाख रुपैयाँ बजेट रहेकोमा १४ अर्ब एक करोड ६४ लाख रुपैयाँ खर्च भएको छ । यो चालु कूल बजेटको ६१ प्रतिशत खर्च हो । त्यस्तैगरी पूँजीगततर्फ ३२ अर्ब ४१ करोड ८४ लाख रुपैयाँ बजेट ल्याएको सरकारले हालसम्म १३ अर्ब १७ करोड २१ लाख रुपैयाँ खर्च गर्न सकेको छ । यो ४० प्रतिशत खर्च हो ।

प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अत्याधिक रुपमा बजेट खर्चलाई बढाएको छ । उक्त मन्त्रालयले ११ महिनाको ३३० दिनमा २० करोड १२ लाख खर्च गरेको कार्यालयले १९ दिनमा नै ३० करोड ७२ लाख रुपैयाँ खर्च गरेको छ । पछिल्लो १९ दिनमा सबैभन्दा धेरै बजेट खर्च मुख्यमन्त्री कार्यालयको नै बढेको देखिन्छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले पछिल्लो १९ दिनमा मात्रै ८५ करोड ३७ लाख रुपैयाँ बजेट खर्च गरेको छ । ९ अर्ब ७ करोड ४६ लाख रूपैयाँ ११ महिना लगाएको यस मन्त्रालयले असारको १९ दिनमा नै ८५ करोड ३७ लाख रुपैयाँ खर्च गरेको हो । सामाजिक विकास मन्त्रालयले असारको १९ दिनमा ७७ करोड ६० लाख रुपैयाँ बजेट खर्च गरेको छ । उक्त मन्त्रालयले ११ महिनामा तीन अर्ब ७२ करोड तीन लाख रूपैयाँ मात्रै बजेट खर्च गरेको थियो ।

उद्योग, वन, वातावरण तथा पर्यटन मन्त्रालयले पनि आर्थिक वर्षको अन्तिममा आफ्नो खर्चलाई बढाएको छ । चालु आवको ११ महिनाको अवधिमा एक अर्ब ५७ करोड ६९ लाख खर्च गरेको मन्त्रालयले १९ दिनमै ३८ करोड तीन लाख रुपैयाँ बजेट खर्च गरेको छ । एक अर्ब १९ करोड २२ लाख खर्च गर्न ३३० दिन अर्थात ११ महिना लगाएको भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पनि १९ दिनमा ३३ करोड ९३ लाख रुपैयाँ बजेट खर्च गरेको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पनि बजेट खर्चलाई बढाउदै १९ दिनमा १५ करोड ५७ लाख रुपैयाँ खर्च गरेको छ । ११ महिनामा २० करोड ७८ लाख खर्च गरेको उक्त मन्त्रालयले १९ दिनमै १५ करोड ५७ लाख रुपैयाँ खर्च गरेको हो । आर्थिक मामिला तथा योजना मन्त्रालयले पनि पछिल्लो १९ दिनमा ९ करोड ७१ लाख रुपैयाँ खर्च गरेको छ । उक्त मन्त्रालयले जेठ मसान्तसम्म ११ महिनाको अवधिमा २५ करोड ४ लाख ९५ हजार रूपैयाँ मात्रै खर्च गर्न सकेको थियो ।

## पेट्रोलियम पदार्थको मूल्य पुनः बृद्धि

काठमाडौं/ नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएकोछ । भारतीय आयल कर्पोरेसनले पठाएको नयाँ मूल्यसूची अनुसार इन्धनको मूल्य बढेको जनाउँदै निगमले सोमबार राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मटितेल र हवाई इन्धनको मूल्य बढाएको हो ।

निगमले पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ, डिजेल/मटितेलमा प्रतिलिटर ९/९ रुपैयाँ र हवाई इन्धन आन्तरिकतर्फ ५ रुपैयाँ बढाएको छ ।

नयाँ मूल्यसूची अनुसार प्रतिलिटर पेट्रोल १ सय ८१ रुपैयाँ, डिजेल र मटितेल १ सय ७२/१ सय ७२ रुपैयाँ र हवाई इन्धन (आन्तरिक) १ सय ९० रुपैयाँ पर्नेछ । निगमले खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत राखेको जनाएको छ ।

भारतीय आयल निगमबाट इन्धनको मूल्य बढेर आएकाले नेपालमा पनि बढाउनुपरेको निगमले जनाएको छ । एक साताअघि मात्रै सरकारले पेट्रोलमा प्रतिलिटर २० र डिजेल तथा मट्टितेलमा २७ रुपैयाँ कर घटाएको थियो । -इकान्तिपुरबाट

# सूचनाको हक कार्यान्वयनमा प्रतिबद्ध छौं: मन्त्री खनाल

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री कृष्णप्रसाद शर्मा खनालले सूचनाको हक कार्यान्वयनमा आफूहरु प्रतिबद्ध रहेको बताएका छन् ।

सोमबार आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा हेटौंडामा आयोजित सूचनाको हक प्रर्वद्धन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खनालले प्रदेशका सबै मन्त्रालय र सरकारी तथा मातहतका अन्य कार्यालयहरुबाट नागरिकले सहजै सूचना पाउने वातावरण बनाइने बताएका हुन् । उनले संघीयताको मर्म अनुसार प्रदेशमा पनि प्रदेश सूचना पुनरावेदन समिति गठन गरिएको बताए । मन्त्री खनालले भने ।



कार्यालय प्रमुखले आफ्नो कार्यालयको सूचना डेक्स प्रविधिमैत्री बनाउने, सूचना अधिकारीलाई आवश्यकताको आधारमा अन्य कामको बोझ कम गराउनेलगायतका कार्यमा ध्यान दियौं भने कार्यालयको सूचना प्रवाह प्रभावकारी हुने उनको भनाइ छ । कार्यक्रममा प्रदेश सरकारले गठन गरेको सूचना पुनरावेदन समितिको संयोजक र सदस्यहरु सार्वजनिक गरिएको थियो ।

समितिको संयोजकमा हरिप्रसाद अधिकारी तथा सदस्यहरुमा सम्झना हुमागाईं र कृष्ण थापा मगर रहेका छन् । कार्यक्रममा कानून मन्त्रालयका मदन शिवाकोटी र समितिका संयोजक अधिकारीले सूचनाको हकको विषयमा सहभागिहरुलाई जानकारी गराएका थिए । सो अवसरमा विभिन्न कार्यालयका प्रमुख, सूचना अधिकारी र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रदेश सरकारले निर्माण गरेको प्रदेश सूचनाको हक सम्बन्धी ऐन २०७६ को सवलपक्ष, चुनौती र दायित्वको विषयमा छलफल भएको थियो ।

# नेपालमा हवाईजहाज भन्दा विमानस्थल धेरै

काठमाडौं/ नेपालको आन्तरिक उडानमा हवाईजहाजको तुलनामा विमानस्थलको संख्या अधिक पुगेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणको तथ्यांक अनुसार अहिले देशभर त्रिभुवन विमानस्थलसहित ५३ वटा विमानस्थल निर्माण सम्पन्न भइसकेका छन् । तर, ३३ वटा मात्र सञ्चालनमा छन् । २० वटा विमानस्थलमा जहाज उड्दैनन् । यता, आन्तरिक उडानमा हवाईजहाजको संख्या भने ५२ वटा रहेको छ ।



नेपाल वायुसेवा निगमले उडाइरहेका दुई ट्वीनअटर जहाजसहित ५२ वटा जहाजले त्रिभुवन विमानस्थलसहित ३३ वटा विमानस्थलमा सेवा दिएका छन् । नेपालमा यात्रु संख्याका हिसावले तराई भेगका विमानस्थलमा अधिक भीडभाड छ । यसबाहेक पर्यटकीय क्षेत्रमा रहेका विमानस्थल बढी व्यस्त छन् ।

हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित नेपालगञ्ज, पोखरा, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, विराटनगर, चन्द्रगढी, भरतपुर, जनकपुर, लुक्ला, सिमरा, सुर्खेत, धनगढी, जोमसोम, सिमिकोट, तुम्लिङटार, जुम्ला, डोल्पा, बाजुरा, रामेछाप, भोजपुर, फाप्लु, रारा, रुकुम सल्ले, रुम्झाटार, ताप्लेजुङ, खानीडाँडा, राजविराज, साँफेबगर, दाङ, थामखर्क, बझाङ, डोटी र बैतडी मात्र सञ्चालनमा रहेका छन् ।

***अझै विमानस्थल थप्ने योजनामा सरकार***

दुई दर्जन विमानस्थल गौचरणमा परिणत भएपनि सरकार थप विमानस्थल निर्माणको योजनामा भने पछि हटेको छैन । खासगरी पहुँचवाला नेताको दबावमा विमानस्थल परियोजना पार्ने परिपाटीले विमानस्थल निर्माण गर्ने क्रम बढेको हो ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत उदयपुरमा विमानस्थल निर्माणको घोषणा गरेको छ । उदयपुर वर्तमान परराष्ट्रमन्त्री डा. नारायण खड्काको गृह जिल्ला हो । सरकारले अहिले सिन्धुलीमा समेत विमानस्थल निर्माणको प्रक्रिया अगाडि बढाएको छ । सिन्धुलीको कमलामाई नगरपालिकामा विमानस्थल बनाईदैछ । तेह्रथुममा समेत विमानस्थल निर्माणको प्रक्रिया अगाडि बढिसकेको छ । जिल्लाको आठराईमा रहेको चुहानडाँडामा विमानस्थल बन्दैछ । उता, अर्घाखाँचीमा समेत विमानस्थल बनिरहेको छ ।

अन्तर्राष्ट्रियतर्फ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको अन्तिम चरणमा रहेको छ । यस वर्षको बजेटले धनगढी विमानस्थललाई स्तरोन्नती गरी क्षेत्रीय विमानस्थल बनाउने र सुर्खेतको रामघाटमा प्रादेशिक विमानस्थल निर्माणको काम अगाडि बढाउने घोषणा गरेको छ । अघिल्लो सरकारले काभ्रेमासमेत विमानस्थल बनाउन निकै जोडबल गरेको थियो । आलोचनापछि सो आयोजना भने अहिले पाइपलाइनमा छैन ।

***अस्तित्व नै मेटिने अवस्थामा पुग्दैछन् केही विमानस्थल***

विगतमा निकै चलेका केही विमानस्थल यतिबेला सडक यातायातको पहुँच विस्तारसँगै अब अस्तित्व नै मेटिने अवस्थामा पुगेका छन् । चितवनको मैघोली, कैलालीको टिकापुर, सोलुखुम्बुको स्याङ्बोचे, दोलखाको जिरी, बागलुङ, ढोरपाटन, गोरखासहितका विमानस्थलको अस्तित्व भने संकटमा पर्ने अवस्था छ ।

पर्यटकीय दृष्टिकोणले सम्भावना बोकेको भए पनि चलाउन नसकिएको विमानस्थल मनाङ हो । हालै निर्माण सम्पन्न भएको इलाम र निर्माणको अन्तिम चरणमा रहेको गुल्मी विमानस्थलको भविष्य भने हेर्न बाँकी छ । -साभार: अनलाइनखबर

# मात्रृभूमि साहित्य समाजले दुईजनालाई पुरस्कृत गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ मात्रृभूमि साहित्य समाज मकवानपुरले हरेक वर्ष प्रदान गर्दै आएको विभिन्न विद्याको पुरस्कार असार २४ गते प्रदान गर्ने भएको छ ।

मातृभूमि मकवानपुर र महालक्ष्मी विकास बैंक लिमिटेडले सोमबार संयुक्त रुपमा सोमबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै महालक्ष्मी साहित्य पुस्कार प्रसिद्ध साहित्यकार तथा गीतकार श्रवण मुकारुङ्गलाई प्रदान गर्ने जनाएको छ । उक्त पुरस्कार ५१ हजार रुपैयाँ राशीसहित मुकारुङ्गलाई प्रदान गरिने भएको हो ।

सम्मेलनमा मातृभूमिका अध्यक्ष माधव पोखेलले आगामी असार २४ गते हेटौंडामा एक कार्यक्रमको आयोजना गरी साहित्यकार मुकारुङ्लाई ५१ हजार रुपैयाँ पुरस्कार राशी गर्ने बताए ।

यस्तै, मातृभुमि साहित्य समाज मकवानपुरको संयोजन व्यवस्थापनमा ईश्वर मैनालीद्वारा बुबाको नाममा स्थापना गरिएको केशबलाल स्मृति मात्रृभुमि पत्रकारिता पुरस्कार २०७८ बाट पत्रकार राममणि दाहाललाई प्रदान गरिने भएको हो । पत्रकार दाहाललाई ७ हजार ५ सय रुपैयाँ राशीसहित पुरस्कार प्रदान गरिने अध्यक्ष पोखेलले जानकारी दिए ।

पत्रकार सम्मेलनमा महालक्ष्मी विकाश बैंक हेटौंडा शाखा प्रमुख शम्भु प्रसाद पराजुली, मातृभूमि मकवानपुरका संस्थापक अध्यक्ष हयग्रिब आचार्य, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, पुर्ब अध्यक्ष भानुभक्त आचार्यलगायतको सहभागिता रहेको थियो ।

# चिकित्सा शिक्षामा तोकिएभन्दा बढी शुल्क लिइए कारबाही: शिक्षामन्त्री



काठमाडौं/ शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले चिकित्सा शिक्षा सञ्चालन गर्ने कलेजले तोकेकोभन्दा बढी शुल्क लिएको प्रमाणित भएमा कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथिको छलफलमा जवाफ दिँदै मन्त्री पौडेलले त्यसरी कानुनविपरीत शुल्क लिने संस्था र व्यक्तिहरुबारे जानकारी भए अवगत गराउन सांसदहरुलाई आग्रह पनि गरे ।

मन्त्री पौडेलले चिकित्सा शिक्षासम्बन्धी सबै विषय चिकित्सा शिक्षा आयोगले हेर्ने भएको र विश्वविद्यालयका हकमा सम्बन्धित विश्वविद्यालयको कार्यकारीले निर्णय गर्ने स्पष्ट गरे । उनले विश्वविद्यालयमा तालाबन्दी र हड्ताल गर्ने कार्य गलत भएको र कुनै समस्या भएमा आपसी सम्वादबाट समाधान गर्नुपर्ने सांसदहरुको भनाइमा सहमत हुँदै विश्वविद्यालयको पढाइ र शैक्षिक क्यालेण्डरलाई प्रभावित पार्न नहुने जनाए । बैठकले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ पारित गरेको छ । शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनसहितको संशोधनलाई सभाले सर्वसम्मतिले पारित गरेको हो ।

***प्रतिवेदन पेश***

बैठकमा कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी विधेयक माथिको दफाबार छलफल र निर्णयसहितको प्रतिवेदन सभासमक्ष प्रस्तुत गरेका थिए । सभापति पोखरेलले तेजाब नियन्त्रणसम्बन्धी विधेयकमाथिको दफाबार छलफल र निर्णयसहितको प्रतिवेदन पेश गरे । बैठकमा मन्त्रिपरिषद् हेरफेरसम्बन्धी राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्र सभामुख अग्निप्रसाद सापकोटाले पढेर सुनाए । प्रतिनिधिसभाको अर्को बैठक यही असार २२ गते बुधबार बिहान ११ बजे बस्नेछ । -साभार: रातोपाटी


बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)

६ चक्के/१० चक्के ट्रिपर, ट्रक, वस फाईनान्स सुविधासहित बिक्रीमा
सम्पर्क: ९८०२३११५४८/९८०२३११५७९

**पार्टी गर्दै हुनुहुन्छ ?**
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)


**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना